Nepal

Labour Market Regulatory Authority

# लेवर मार्केट रेगुलेटरी अथोरिटी (LMRA)
# विदेशी कामदारसम्बन्धी निर्देशिका
संस्करण- ४.०

## LMRA द्धारा विदेशी कामदारहरुलाई प्रदान हुने सेवाहरु:

- कामदारहरुलाई कामदार भिसा (Work Visa) प्रदान तथा नवीकरण ।
- भिसा परिर्वतन ।
- प्रवेश भिसा (Entry Visa) तथा आवास अनुमति (Resident Permit) तथा बहुप्रवेश भिसा (Multiple Visa) प्रदान तथा कामदार र निजका परिवारका सदस्यहरुलाई परिचय पत्र (CPR) प्रदान ।
- कामदार तथा निजका परिवारका सदस्यहरुलाई बहराइन सरकारको स्वास्थ्य मन्त्रालयसँग समन्वय गरी स्वास्थ्य परीक्षणका लागि सहायता पु—याउन ।

## देश छाड्नुअघि ध्यान दिनुपर्ने विषयसम्बन्धी महत्वपूर्ण दिग्दर्शन:

१. LMRA को वेभसाइट (http://portal.lmra.bh/English/express_services) मार्फत आफ्नो कामदार भिसाको आधिकारिकता र अवधिबारे जानकारी लिने ।

- यदि तपाईंले यसअघि नै बहराइनमा काम गरिसक्नु भएको छ भने आफ्नो पुरानो परिचयपत्र निज रोजगारदाताले तपाईंको निम्ति पुनः आवेदन गर्नुअघि उक्त रोजगारदातालाई बुझाउनुपर्नेछ ।




२. यात्रा गर्दा आफूसँग निम्न कागजातहरु रहेको बारे निश्चित हुनुहोस्:

- ६ महीनाभन्दा बढी म्याद भएको राहदानीको दुई थान प्रतिलिपि ।
- LMRA द्धारा जारी कामदार भिसाको प्रतिलिपि ।
- रोजगार करार/सम्झौता (Employment Contract) को प्रतिलिपि ।
- सवारी चालक प्रमाणपत्र (Driving License) को प्रतिलिपि (भएमा) ।
- शैक्षिक प्रमाणपत्रका प्रतिलिपि (भएमा) ।
- विवाहदर्ता प्रमाणपत्र (यदि आफ्नो परिवारको सदस्य ल्याउने हो भने ।)

३. स्वास्थ्यपरीक्षणका लागि आफ्नो देशमा उपलब्ध मान्यता प्राप्त स्वास्थ्य केन्द्रका बारेमा जानकारी लिने । स्वास्थ्य केन्द्रको सूची हेर्न वेभ साइट http://portal.lmra.bh/English/clinics/index हेर्ने ।

## बहराइन अधिराज्यको विमानस्थलमा आगमनपश्चात् ध्यान दिनुपर्ने कुराहरु:

LMRA को कार्यकक्षमा गई आफ्नो कामदार भिसा (Work Visa) को प्रतिलिपि पेश गर्ने ।

LMRA का कर्मचारीहरुले तपाईलाई परिचयपत्र (CPR), आवास अनुमति (Resident Permit) तथा स्वास्थ्यपरीक्षणका लागि समय (Appointment) सम्बन्धी जानकारी र सल्लाह प्रदान गर्नेछन् ।

बहराइन अधिराज्यमा पहिलो पटक आउनुहुने व्यक्तिले LMRA काउन्टरमा आफ्नो औंठाछाप, तस्बीर तथा हस्ताक्षर प्रदान गर्नुपर्नेछ ।

यदि बहराइन अन्तर्राष्ट्रिय विमानस्थलमा यो गर्न सम्भव भएन भने तपाईले आगमनको एक महीनाभित्र LMRA को मनामास्थित प्रधान कार्यालय जानुपर्नेछ ।

यदि तपाई आफ्नो काम बदल्न चाहनु हुन्छ भने, काम परिवर्तनका लागि निवेदन फारम भरी आफ्नो परिचयपत्रको प्रतिलिपि संलग्न गरी पेश गर्नुपर्नेछ ।

(आफू बहराइन अधिराज्य प्रवेश गरेको ३० (तीस) दिनभित्र स्वास्थ्य परीक्षण गर्न अनिवार्य छ ।)







राहदानी सम्बन्धी ध्यान दिनुपर्ने कुराहरु:

आफ्नो राहदानी आफैंसँग राख्नुहोस् ।

आफू पूर्णरुपमा विश्वस्त नभएसम्म आफ्नो राहदानी अरु कसैलाई नदिनुहोस् ।

आफू विश्वस्त र मञ्जुर भएमा मात्र आफ्नो रोजगारदाता (Employer) लाई राहदानी राख्न दिन सकिन्छ ।

परिवारसम्बन्धी महत्वपूर्ण सूचना:

यदि आफ्नो परिवारका सदस्य ल्याउन चाहनु हुन्छ भने, आफूसँगै ल्याउन सक्नु हुन्छ अथवा आफू आइसकेपछि झिकाउन सक्नु हुन्छ । परिवारका सदस्यहरुको छुट्टाछुट्टै राहदानी हुनुपर्दछ ।

## बहराइन अधिराज्यमा प्रवेश गरेपश्चात् ध्यान दिनुपर्ने कुराहरु:

कुनै पनि प्रकारको सजाय वा कानूनी प्रकृयावाट बच्न, आफ्नो कामदार भिसा रद्ध हुन नदिन तथा तपाईको बहराइन बसाई कानूनी रुपमा योग्य हुन निम्न कुराहरु पालन गर्नुपर्दछ:

१. जुन कामका लागि तपाईंलाई कामदार भिसा प्रदान गरिएको छ, त्यही काम गर्नुहोस् । अन्य काम नगर्नुहोस् ।

२. जुन स्थानमा काम गर्न तपाईंको कामदार भिसामा उल्लेख भएको छ, त्यही काम गर्नुहोस् । सोही रोजगारदाता (Employer) को अन्य शाखामा त्यही काम भने गर्न सकिनेछ ।

३. LMRA का निरीक्षण कर्मचारीहरुले माग गरेका कागजातहरु उपलब्ध गर्न र औंठाछाप प्रदान गर्न सहयोग गर्नुहोस् ।

४. आफ्नो रोजगार करार/सम्झौता (Employment Contract) का प्रावधानहरुलाई पूर्णपालना गर्नुहोस् ।

५. काम परिवर्तन गर्न निवेदन गर्नुभएको छ भने, रोजगारदाता (Employer) ले तपाईंको भिसा नवीकरण गर्न सक्ने छैन ।

६. कामदार भिसाका लागि, भिसा नवीकरण गर्नका लागि वा काम परिवर्तन गर्नका लागि कसैलाई पैसा नदिनुहोस् ।

७. बहराइन अधिराज्य सरकारका सबै कानूनहरु पालना गर्नुहोस् तथा यहाँको परम्परा र संस्कृतिलाई सम्मान गर्नुहोस् ।

८. रोजगारदाताको अनुमतिविना वा कानूनमा उल्लेख नभएको कुनै कारणले आफ्नो कामवाट लगातार १५ दिनभन्दा बढी गयल नहुनुहोस् ।

९. यदि तपाईंको आफ्नो रोजगारदाता (Employer) सँग कुनै मतभेद/असन्तुष्टि छ भने, सो विषयलाई बहराइन अधिराज्य सरकारको न्याय मन्त्रालय अन्तर्गतको श्रम अदालत र ईस्लाम कानून अनुसार निवेदन गर्नुपर्नेछ ।

१०.आफ्नो कामदार भिसाबारे मोवाईल सेवामार्फत जानकारी लिन सकिनेछ । यसका लागि Batelco नम्बर ९०१६८ वा Zain नम्बर ७७०७० वा Viva नम्बर ९८६९० मा सन्देश गर्नुपर्नेछ । सेवाका लागि आफ्नो परिचयपत्र (CPR) नम्बर उल्लेख गर्नुपर्नेछ ।

## आप्रवासी पोर्टल (Expat Portal) मार्फत जानकारी:

आप्रवासी पोर्टल (Expat Portal) मार्फत आफ्नो कामदार भिसा वा परिवार र सोसँग सम्बन्धित जानकारी लिन सकिनेछ । यो सेवा प्राप्त गर्न आफ्नो परिचयपत्र (CPR) नम्बर र राहदानी नम्बर एवं सो को अवधि उल्लेख गरी https://www.lmra.bh/expatportal/login.php वेवसाइटमा हेर्न सकिनेछ ।

आफू बहराइन प्रवेश गरेको ३० दिनभित्र स्वास्थ्य परीक्षण पूरा गरी निश्चिन्त हुनुहोस् ।



## काम परिवर्तनसम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु:

लेवर मार्केट रेगुलेटरी अथोरिटीको धारा नं. ७९, २००९ को प्रावधान बमोजिम कामदारलाई अर्को रोजगारदाताकहाँ काम परिवर्तन गर्ने अधिकार हुन्छ । सोका लागि देहायबमोजिमको प्रक्रिया पूरा गर्नुपर्दछ:

### १. रोजगारदाता (Employer) को सहमतिविना काम परिवर्तन:

- वर्तमान काममा एक वर्ष सेवा अवधि पूरा गरेपछि हालको रोजगारदाताको सहमतिबिना काम परिवर्तनको प्रक्रिया आरम्भ गर्न सकिनेछ ।
- आफूले काम परिवर्तन गर्न चाहेको कुराको पञ्जीकृत सूचना हुलाकमार्फत सम्बन्धित रोजगारदातालाई गर्न सकिन्छ । उक्त सूचना रोजगार करार/सम्झौता (Employment Contract) मा उल्लेख भएको समयभित्र हुनुपर्दछ । सो समय ३ (तीन) महीनाभन्दा बढी हुनुहुदैन ।
- यसपश्चात् नयाँ रोजगारदातामार्फत काम परिवर्तनको आवेदन फाराम र LMRA का प्रकृयाहरु पूरा गर्नुपर्नेछ ।

### २. रोजगारदाता (Employer) को सहमतिमा काम परिवर्तन:

- वर्तमान र भावी रोजगारदाताको समन्वयमा कामदारले LMRA को काम परिवर्तनको प्रक्रिया पूरा गर्न सक्नेछ ।
- LMRA को प्रक्रियामा वर्तमान रोजगारदाताले आफ्नो कामदारलाई काम परिवर्तनको सहमति दिनेछ र नयाँ रोजगारदाताले आवश्यक शुल्क तिर्नु पर्नेछ ।

### ३. कामदार भिसाको समाप्ति वा अन्य कारणले गरिने काम परिवर्तन:

- आफ्नो कामदार भिसा समाप्त हुनु भन्दा ३० (तीस) दिनअघि वा आफ्नो कामदार भिसा रद्ध हुने जानकारी भएको ५ (पाँच) दिनभित्र स्वयं LMRA कार्यालयमा उपस्थित भई काम परिवर्तनका लागि आवेदन गर्नुपर्नेछ ।
- तपाईंलाई ३० (तीस) दिनभित्र काम परिवर्तन गर्न अनुमति दिइनेछ तर त्यस अवधिमा कुनै पनि किसिमको रोजगारी वा काम गर्न पाइने छैन ।

## सम्पर्क:

(क) LMRA:

LMRA कार्यालयमा आप्रवासी पोर्टल (Expat Portal) र आफ्नो मोवाईल नम्बर र ई—मेल मार्फत सम्पर्क गर्न सकिनेछ ।

LMRA कार्यालयमा http://www.lmra.bh/expatportal/login.php साथै टेलिफोन नम्बर १७५०६०५५ मा सम्पर्क गर्न सकिनेछ ।

LMRA को सेवाहरुका बारेमा जानकारी लिन: http:/portal.lmra.bh/English/page/show/105 मार्फत जानकारी लिन सकिने छ ।

LMRA कार्यालयको वेब साइड www.lmra.bh मा हेर्न सकिने छ।

LMRA कार्यालयको ग्राहक सेवामा सम्पर्क गर्न सकिने छ ।

(ख) नेपाली राजदूतावास:

नेपाली राजदूतावास, बहराइनको निम्न ठेगानामा सम्पर्क गर्न सकिने छ ।

टेलिफोन नं.: १७७२५५८३

फ्याक्स नं.: १७७२०७८७

पोष्ट बक्स नं.: ७५९३३

ई—मेल: eonbahrain@mofa.gov.np

eonbahrain@gmail.com

**Call Center: 17506055** www.lmra.bh तपाईंको बहराइन बसाइ सुखद रहने कुरामा हामी आशावादी छौं ।